# आकाशवाणी गान्तोक
## समाचार

1. गान्तोक भोट: **लिङ्क**

सिक्किमको सत्तारुढ दल Sikkim Krantikari Morcha (एसकेएम) ले नगर निकायका निर्वाचनमा कुल त्रिसट्ठी वाड मध्ये अन्ठाउन्न वाडमा निर्विरोध विजय हासिल गरेको छ। चौबीस अप्रिलमा हुने निर्वाचनलाई विपक्षी दलहरू Sikkim Democratic Front र Citizen Action Party ले बहिष्कार गरेपछि यो परिणाम आएको हो। राज्य निर्वाचन आयोगका अनुसार, एस.के.एम-को गठबन्धन भएको Bharatiya Janata Partyले चार वाडमा जित हासिल गरेको छ। अब बाँकी रहेको एक मात्र सिटमा चौबीस अप्रिलमा मतदान हुनेछ। गान्तोक नगर पालिका अन्तर्गत **"डिजेल पावर हाउस"** वाडमा भाजपाकी सृजना क्षेत्री र स्वतन्त्र उम्मेदवार बिन्ध्या सिन्चुरी बीच प्रतिस्पर्धा हुनेछ। सिक्किममा कुल नौ नगर निकाय रहेका छन्, जसमा गान्तोकमा एक्काइस वाड, नाम्चीमा सात वाड र अन्य नगर पञ्चायतहरूमा प्रत्येकमा पाँच वाड रहेका छन्।

2.मौसम मंगन ...**डि आर दुलाल**

भारी वर्षा र अस्थिर मौसमका कारण उत्तर सिक्किम तथा राज्यका अन्य भागहरूमा नयाँ मौसम चेतावनी र यात्रा अवरोधहरू देखिएका छन्। उत्तर सिक्किममा लगातार वर्षाका कारण सडक पूर्वाधारमा ठूलो क्षति पुगेको छ। लाचेन जाने सडक **तारअम छु** नजिकै **आधार** बगेर अवरुद्ध भएको छ, जसले आवागमन प्रभावित बनाएको छ। सीमा सडक संगठनले मर्मत कार्य जारी रहेको जनाएको छ, तर सडक पूर्ण रूपमा सञ्चालनमा आउन केही दिन लाग्न सक्ने बताइएको छ। मङ्गन जिल्लाको प्रशासनले लाचेनमा रोकिएका पर्यटकहरूलाई सार्वजनिक सूचना जारी गर्दै सुरक्षा र खराब मौसमका कारण हालकै स्थानमा बस्न र अनावश्यक हिँडडुल नगर्न अनुरोध गरेको छ। अधिकारिहरूले मौसम सुधार भएमा र **dong क्याला** मार्गमा हिउँ हटाइएपछि भोलि बिहानदेखि रोकिएका पर्यटकहरूको उद्धार गर्ने योजना बनाएको छ । उद्धार तथा समन्वय कार्य प्रहरी, भारत-तिब्बत सीमा प्रहरी बी.आर.ओ र भारतीय सेनाले संयुक्त रूपमा गरिरहेका छन्। यसैबीच, रक्षा भू-सूचना अनुसन्धान संस्थान, चण्डीगढले उक्त क्षेत्रमा अप्रिल छ सम्म हिमपहिरोको जोखिम रहेको भन्दै चेतावनी पनि जारी गरेको छ।

3. **सिक्किम सरकारका मन्त्री अरुण कुमार . विष्णु दाजु**

सिक्किम सरकारका मन्त्री अरुण कुमार उप्रेतीको विशेष उपस्थितिमा **पब्यम कुञ्ज परिवार र काव्याक्षर** प्रकाशनद्वारा आयोजित पुस्तक लोकार्पण तथा सम्मान कार्यक्रम आज गान्तोकमा भव्य रूपमा सम्पन्न भयो।

मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै मन्त्री उप्रेतीले साहित्य समाजको मार्गदर्शक शक्ति भएको उल्लेख गर्दै सर्जकहरूको भूमिकालाई अत्यन्त महत्वपूर्ण बताउनुभयो । उहाँले सिक्किमलाई विविध भाषा र संस्कृतिको संगमको रूपमा चित्रण गर्दै यस्ता कृतिहरूले समाजलाई प्रेरणा दिने बताउनुभयो अनि , "साहित्य केवल ऐना मात्र होइन, सही दिशा देखाउने दीपक पनि हो," भन्दै साहित्य लेखनमा गुणस्तर माथि जोड दिनुभयो । कार्यक्रममा विभिन्न सर्जकका कृतिहरू लोकार्पण गरिएको थियो भने मन्त्री उप्रेतीसहित छब्बिस जना सर्जकहरूलाई सम्मान गरिएको छ ।

4. गान्तोक, literature festival    आइ. पि .आर

सिक्किम सरकारद्वारा आयोजित सिक्किम कला अनि साहित्य महोत्सव दुई हजार छब्बीसमा प्रख्यात लेखक तथा वक्ता **सन्दीप रोय** सहभागी हुनुहुने भएको छ । अन्तर्राष्ट्रिय स्तरका विभिन्न सञ्चार - माध्यमहरूमा आफ्नो लेखनमार्फत पहिचान बनाएका रोयले यस कार्यक्रममा प्रत्यक्ष रूपमा आफ्ना विचार, अनुभव र कथाहरू प्रस्तुत गर्नुहुनेछ । उहाँका लेखहरू The New York times, Times of India,  जस्ता प्रतिष्ठित सञ्चारमाध्यमहरूमा प्रकाशित भइसकेका छन्। उक्त कार्यक्रम आगामी **छब्बीस देखि अठ्ठाइस अप्रिल** दुई हजार छब्बीस सम्म **द रिज पार्क**, गान्तोकमा आयोजना हुने जानकारी दिइएको छ।

5. सिक्किम प्रिमियर -**विष्णु दाजु**

सिक्किम प्रिमियर लीगको चौथो संस्करण आज पाल्जोर स्टेडियममा औपचारिक रूपमा शुभारम्भ भएको छ। प्रतियोगिताको उद्घाटन धर्म विभागका मन्त्री सोनाम  लामाले गर्नुभयो । यस अवसरमा पूर्व राष्ट्रिय खेलाडी तथा सिक्कीम प्रिमियर लीगका बोर्ड अफ डाइरेक्टर सन्जु प्रधानले यसको उद्देश्यबारे प्रकाश पार्दै प्रतियोगिता इण्डियन प्रिमियर लीगको ढाँचामा युवा तथा प्रतिभाशाली खेलाडीहरूलाई प्रोत्साहन गर्ने लक्ष्यसहित आयोजना गरिएको बताउनुभयो । उद्धाटन खेल सिङ्लिङ्ग एफ.सी र ड्रेगन एफ.सी माझ भइरहेको छ । रोमान्चक खेल बीच पहिलो मध्यान्तर सम्मको खेल सामप्त हुँदा दुबै टोलीले गोल गरेको छैन ।